पुनर्वास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पुनर्वास, कञ्चनपुर

७ न.प्रदेश, नेपाल

स्थापित-२०७३

## (प्रथम पटक प्रकाशित मितिः-२०७५/३/२०)

## विषयः– रोडशेष (पटके सवारी) कर उठाउने सम्बन्धी सुचना ।

स्थानीय तह संचालन ऐन, २०७४ बमोजिम यस पुनर्वास नगरपालिका भित्र चल्ने सवारी साधनहरुमा पटके सवारी साधन कर उठाउन आगामी आ.व.२०७५/०७६ का लागि (२०७५/०४/०१ देखि २०७६/०३/३१) को लागि ठेक्कामा दिनु पर्ने भएकोले ईच्छुक फर्म/संघ/संस्था र नेपाली नागरिकहरुलाई तपशिलको नियम पालना गर्ने गरि आफुले स्वीकारेको अंक सिलवन्दी गरी निवेदन पेश गर्नु हुन यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. सिलबन्दी कागजात खरिद गर्ने अन्तिम मिति २०७५/३/२६ गते कार्यालय समय भित्र ।

२. निवेदन दस्तुर रु.१,०००।-(एक हजार मात्र) पछि फिर्ता नहुने गरी, नगद वा न.पा.सञ्चित कोष खाता नं.४२१०३०४०१८१०२ मा दाखिला गर्नु पर्नेछ ।

३. ठेक्काको न्यूनतम अंक रु.२,५०,०००।-(दुई लाख पचास हजार मात्र) बाट बढाबढ हुने गरी ।

४.निवेदन दर्ता मिति २०७५/३/२७ गते दिउसो १२:०० बजे भित्र र सोही दिन दिउसो २.००बजे निवेदकहरु र कार्यालयका प्रतिनिधीहरुको रोहबरमा नगरपालिकामा सिलवन्दी निवेदन खोलिने छ, तर निवेदकहरु उपस्थित हुन नसकेमा पनि निवेदन खोल्न वाधा पर्ने छैन ।

५.न्यूनतम अंकको १०%ले हुने रकम धरौटी वापत नगदै वा न.पा.को धरौटी खाता नं.४२१०३०३००७१०२ मा दाखिला गर्नु पर्ने छ ।

६. ठेक्का सदर भए पछि २०७५ साल असार मसान्त भित्र आफुले स्वीकारेको रकम मध्ये ५०% नगदै वा न.पा.सञ्चित कोष खाता नं.४२१०३०४०१८१०२ मा जम्मा गरी कार्यादेश लिनु पर्नेछ र बाँकी रकम २०७५साल पौष मसान्त भित्र ३०% र २०७५चैत्र मसान्त भित्र २०% बुझाई सक्नु पर्ने छ ।

७. नगदी रसिद ठेकेदार स्वयंमले व्यवस्था गर्नु पर्ने छ र सो रसिदलाई नगरपालिकाबाट प्रमाणित गराई कर संकलन गर्नुपर्ने छ ।

८. सवारी करको दर रेट नगरपालिकाले तोके बमोजिम हुने छ ।

९. कार्यालयले तोकेको रकम भन्दा वढी असुल गर्न पाईने छैन, गरेको पाईएमा ठेक्का बदर गरिने छ ।

१०. ठेक्का सदर गर्ने नगर्ने सम्पूर्ण अधिकार पुनर्वास नगरपालिकामा निहित रहने छ ।

११. विस्तृत जानकारीका लागि नगरपालिका कार्यालयमा वा फोन नं.०९९-४२००५४मा सम्पर्क राख्न सकिने छ ।

१२. नेपाल सरकार र नगरपालिकामा कुनै वक्यौता रकम तिर्न, वुझाउन वांकी नरहेको तथा कालो सूचिमा नपरेको भनि स्वघोषणा पत्र सिलबन्दी कागजातसाथ पेश गर्नु पर्ने छ ।

१३. यसमा परेको शर्तहरु यसै बमोजिम र नपरेका विषय प्रचलित ऐन,नियमानुसार हुनेछ ।

२०७५/०३/२०

.............................

प्रेम बहादुर सिंह

प्रशासकीय अधिकृत